**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**
**माननीय न्यायाधीश श्री दीपककुमार कार्की**
**आदेश**

०७७-WO-०१११८

<u>मुद्दाः- उत्प्रेषण।</u>

कमला राई तिमल्सेना समेत------------------------------------------------------------- निवेदक

**<u>विरुद्ध</u>**

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत------------------------------- विपक्षी

यसमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री सुरेन्द्रविक्रम के.सी., श्री श्री किर्तिनाथ शर्मा पौडेल, श्री युद्धमान महर्जन, श्री ज्ञानेन्द्र आरण, श्री लिलाधर उपाध्याय र श्री जनक सिंह साउँदले गर्नु भएको वहस सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सो समेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नू भनी यो आदेश र निवेदन पत्रको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

साथै रिट निवेदकले अन्तरिम आदेशको समेत माग गरेको तर्फ विचार गर्दा, Covishield खोपको पहिलो मात्रा लगाई सो खोपको दोश्रो मात्रा खोप लाउन बाँकि रहेका व्यक्तिहरुलाई यथासिघ्र दोश्रो खोप लाउने व्यवस्था र खोपै नलगाएका व्यक्तिहरुलाई यथासक्य चाडो खोपको व्यवस्था नगर्दा Covid-19 ले व्यापक महामारीको रुप लिई अत्यधिक संख्यामा नागरिकहरुको मृत्यु भई अपुरणीय क्षति व्यहोर्नु पर्ने भएकोले Covishield को पहिलो खोप लगाई दोश्रो खोप लाउन बाँकि रहेका व्यक्तिलाई दोश्रो खोप र खोप लाउन बाँकि रहेका अन्य व्यक्तिहरुलाई समेत खोपको छिटो आपुर्ति गरी खोप लाउने प्रभावकारी व्यवस्था मिलाउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) बमोजिम प्रस्तुत निवेदनमा अन्तिम टुङ्गो नलागेसम्म प्रस्तुत अन्तेरिम आदेश जारी गरी दिएको छ। नियमानुसार गर्नू

न्यायाधीश

इति संवत् २०७७ साल जेष्ठ ४ गते रोज ३ शुभम्---------------------------